ठूला पापहरू: शिर्क (अल्लाहसँग साझेदारी) गर्नु, आमाबाबुको अवज्ञा गर्नु, कसैको हत्या गर्नु र झूटो कसम खानु हो।

अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "ठूला पापहरू: शिर्क (अल्लाहसँग
साझेदारी) गर्नु, आमाबाबुको अवज्ञा गर्नु, कसैको हत्या गर्नु र झूटो कसम खानु हो।
[सही] [बुखारीले वर्णन गरेका छन्]

यस हदीसमा, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ठूला पापहरू बयान गर्दै हुनुहुन्छ । जुन पापले गर्दा अपराधीलाई यस संसार वा परलोकको सजायको कडा चेतावनी दिइएको छ, त्यसलाई कबाइर (ठूला पापहरू) भनिन्छ । पहिलो ठूलो पाप : अल्लाहसँग शिर्क गर्नु, अर्थात् अल्लाह बाहेक अरूको उपासना गर्नु । उहाँको उपासना, नाम र गुणहरूमा बराबरी र प्रतिद्वन्द्वी ठहर गर्नु शिर्क हो । दोस्रो ठूलो पाप: आमाबाबुको अवज्ञा गर्नु, बोली वा कर्मद्वारा आमाबाबुलाई कुनै प्रकारको पीडा दिनु वा उनीहरूसँग राम्रो व्यवहार नगर्नु हो । तेस्रो ठूलो पाप: हत्या गर्नु हो, जस्तै कसैलाई अनाहक यातना दिएर मार्नु । चौथो ठूलो पाप : जानीजानी झुटो कसम खानु हो । यसलाई अरबीमा "यमीने गुमूस" भनिन्छ किनभने यसले मान्छेलाई पाप वा नरकमा डुबाउँछ ।

https://sunnah.global/hadeeth/ne/show/3044